१००१

श्री ५ को सरकार

# अर्थ मन्त्रालय

(बजेट तथा कार्यक्रम महाशाखा)

सिंहदरबार
काठमाडौं नेपाल।

मिति : २०६१।१०।१

म. ले. नि. का
प. द. नं. १०३६५
मिति २०६१।१०।१५

प. सं.
च. नं. १२३१

विषय :- विशेष भत्ताको व्यवस्था बारे।

सर्व मन्त्रालय / आयोग / सचिवालय।

श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०६१।१०।४ को निर्णयानुसार २०६१ माघ १ गते देखि लागू हुने गरी देहाय बमोजिमका सुविधाहरु दिने व्यवस्था भएकोले आवश्यक कार्यार्थ जानकारीको लागि अनुरोध छ।

१. बहालवाला निजामती, जंगी, प्रहरी, शिक्षक, प्राध्यापक तथा संवैधानिक निकायमा कार्यरत राष्ट्रसेवकलाई शुरु तलबको २० प्रतिशत बराबरले हुन आउने रकम विशेष भत्ता दिने।

२. आतङ्ककारी गतिविधि नियन्त्रण गर्ने स्थलगत अपरेशनमा खटिएका सुरक्षाकर्मीको लागि जनही मासिक एक सय पचास रुपैयाको दरले थप भत्ता दिने।

उपरोक्त दुवै भत्ता माघ महिनाको लागि तलब खर्च लेख्ने सम्बन्धित कार्यालयको बजेटबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ। यस सम्बन्धमा कार्यालयहरुको लागि नपुग हुने भत्ता के कति आवश्यक पर्छ भन्ने विषयमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट लगत संकलन गर्ने व्यवस्था मिलाइएको छ। लगत प्राप्त भै सकेपछि फागुनको पहिलो हप्ता सम्ममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट निकासा दिने व्यवस्था मिलाउन लागिएको हुँदा लगत संकलन गर्ने काममा सहयोग गरिदिनु हुन समेत अनुरोध छ।

(रामेश्वरप्रसाद खनाल)
सहसचिव

बोधार्थ तथा कार्यार्थ :

श्री महालेखा परीक्षकको विभाग, बबरमहल।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।

नेपाल सरकार

# अर्थ मन्त्रालय

बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार

काठमाडौं, नेपाल।

प.सं. : त.भ.४ क.

च.नं. ७५

मिति : २०६३/४/१८

विषय : महंगी भत्ता बारे।

श्री महालेखा नियन्त्रक कार्यालय,

अनामनगर।

सरकारी श्रोतबाट पारिश्रमिक तलब खाने राष्ट्रसेवकहरुलाई मिति २०६३।४।१ गते देखिनै लागू हुने गरी शुरु तलबको १० प्रतिशतका दरले महंगी भत्ता उपलब्ध गराउनु हुन मन्त्रिपरिषद्को मिति ०६३।४।१५ को निर्णयानुसार अनुरोध छ। उक्त भत्ता हाल तलबमा विनियोजित रकमबाट भुक्तानी गर्ने व्यवस्था हुन समेत अनुरोध छ।

(जीवन बास्कोटा)

शाखा अधिकृत

बोधार्थ:-

श्री सबै मन्त्रालय/आयोग/सचिवालय :- सो अनुसार गर्नु गराउनु हुन।

## तलवमान सम्बन्धी अन्य व्यवंस्था

(क) २०६३ श्रावण १ गते देखि नेपाल सरकारको बजेटबाट पारिश्रमिक खाने कर्मचारी तथा पदाधिकारीहरुलाई प्रदान गरिदै आएको शुरु तलबको १० प्रतिशत महंगी भत्ता २०६४ श्रावण १ गते देखि लागू हुने नयाँ तलब स्केलमा समावेश गरिएको हुंदा उक्त भत्ता २०६४ श्रावण १ गते देखि खारेज गरिएको छ । साथै तलबसंग आवद्ध गरी प्रदान गरिएका निजामती सेवातर्फका सबै भत्ताहरु समेत २०६४ श्रावण १ गतेदेखि खारेज गरिएको छ ।

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नयाँ तलबमान कायम हुनु भन्दा तत्काल अघि कायम रहेका तलबसंग आवद्ध गरी प्रदान गरिएका भत्ता रकम मध्ये नयाँ तलबमानमा समायोजन हुन नसकेको खाईपाई आएको भत्ता बराबरको रकम मात्र उपलब्ध गराउने ।

(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरु, सर्वोच्च अदालतका प्रधान न्यायाधिश तथा न्यायाधिशहरु, व्यवस्थापिका संसदका सभामुख तथा उप सभामुख, संबैधानिक अङ्गका प्रमुख तथा सदस्यहरु, पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधिशहरु र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिकमा पनि समसामयिक बृद्धि गर्न सम्बन्धित निकायहरुले २०६४ श्रावण १ गते देखि लागु हुने गरि नयाँ तलब स्केल स्वीकृतिको लागि अर्थ मन्त्रालयको पूर्व सहमति लिई मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न सकिने छ ।

(घ) नेपाल स्वास्थ्य सेवा, संसद सेवा, शिक्षक तथा प्राध्यापक लगायत अन्य राष्ट्रसेवकहरुको हकमा सम्बन्धित सेवा संचालन गर्ने निकायहरुले २०६४ श्रावण १ गते देखि लागू हुने गरी नयाँ तलब स्केल स्वीकृतीको लागि अर्थ मन्त्रालयको पूर्व सहमति लिई मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न सकिने छ ।

(ङ) ७५ वर्ष उमेर पूरा भएका निवृत्तिभरण प्राप्त राष्ट्रसेवकहरुलाई उनीहरुले पाउने मासिक निवृत्तिभरणमा अतिरिक्त १० प्रतिशत थप गरी प्रदान गर्ने ।

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(बजेट कार्यान्वयन शाखा)

फोन: ४३८५
४३८५१
४३८५१

अनामनगर
काठमाडौं,नेपा

मिति: २०६६।०४।१

प.सं. :-२०६६/६७
च.नं. :-९

को.ले. ... चोक
दर्ता नं. ९२
मिति ०६६।४।१६

प्रमुख ... परिपत्र फाइल

विषय:- राष्ट्रसेवक कर्मचारीहरुको महंगी भत्ता, स्थानीय भत्ता, फिल्ड भत्ता र नयां तलवमान लागू गर्ने वारे ।

श्री महालेखा नियन्त्रक कार्यालय, आ.प्र.शाखा, काठमाण्डौ ।
श्री कौशी तोषखाना कार्यालय, काठमाण्डौ ।
श्री कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय, काठमाण्डौ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
७५ ।

उपरोक्त विषयमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको प.सं. व.त. ७ (०६६/६७) च.नं. २७ मिति २०६६/०४/०९ को पत्रानुसार संवैधानिक अंगका पदाधिकारी, निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्वास्थ्य सेवा, व्यवस्थापिका संसद सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक लगायतका राष्ट्रसेवक कर्मचारीहरुलाई २०६६/०४/०१ देखि सवै तह/श्रेणीलाई मासिक रु. १२००।- का दरले महंगी भत्ता, यसै साथ संलग्न अनुसूचीहरुमा (पेज नं. १ देखि १४ मा) उल्लेख भए बमोजिम स्थानीय भत्ता, फिल्ड भत्ता र नयां तलवमान लागू गर्ने नेपाल सरकारको मिति २०६६/०४/०४ को निर्णय कार्यान्वयन गर्न लेखी आएको हुदा सोही अनुसार गर्नु गराउनु हुन प्राप्त अनुसूचीहरुको प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ ।

(विजयकुमार पौडेल)
उपसचिव (लेखा)

मिति २०६८।०४।०१ बाट लागु भएको भत्ता खारेज ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- त.भ.७

च.नं.:- ३८

साउन १८, २०६८

विषय : संवैधानिक निकायका पदाधिकारी, राष्ट्रसेवक कर्मचारी तथा शिक्षकको नयाँ तलब मान लागु गर्ने बारे ।

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।३।३०को निर्णयले संवैधानिक निकायका पदाधिकारी लगायत सबै तहका राष्ट्र सेवक कर्मचारीहरुलाई हाल दिई आएको महगी भत्ता खारेज गरी सम्माननीय राष्ट्रपति, सम्माननीय उप-राष्ट्रपति, मन्त्रिपरिषद्का सदस्यहरु, संविधानसभा/ व्यवस्थापिका--संसदका पदाधिकारीहरु, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरु, सर्वोच्च अदालतका प्रधानन्यायधीश तथा न्यायाधिशहरु, मातहत अदालतका न्यायाधीशहरु, संवैधानिक निकायका प्रमुख पदाधिकारी तथा पदाधिकारीहरु, महान्यायाधिवक्ता, संविधानसभा/व्यवस्थापिका--संसदका महासचिव र सचिवहरु, सबै तहका निजामती सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु लगायत सबै राष्ट्रसेवकहरुको लागि २०६८ साउन १ गतेदेखि लागू हुने गरी नयाँ तलबमान स्वीकृत भएको छ । स्वीकृत नयाँ तलबमानको अनुसूची १ देखि ९ संलग्न राखि कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ । स्वीकृत नयाँ तलब मान बमोजिम तलब रकम व्यवस्थापन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

## तपसील

१ स्वीकृत नयाँ तलबमान अनुसारको तलब खर्च हालको खर्च शिर्षक नं. २११११ तलबमा विनियोजित रकमबाटै खर्च लेख्ने व्यवस्था मिलाउने ।

२ तलब खर्च शिर्षकमा विनियोजित बजेटले खर्च लेख्न नपुग हुने भएमा भत्ता लगायतका अन्य चालु खर्च शिर्षकहरुमा बचत रहने बजेटबाट रकमान्तर गरी व्यवस्थापन गर्न लगाउने ।

३ प्रकरण नं. २ बमोजिम नपुग तलबका लागि रकमान्तर गर्न आर्थिक कार्यविधि नियमावली, २०६४ का नियम ४० को उपनियम ४ बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई निर्देशन दिने ।

४ प्रकरण नं. ३ बमोजिम समेत व्यवस्थापन हुन नसकेको हकमा स्वीकृत दरबन्दीको पारित तलबी प्रतिवेदन अनुसार तलब भुक्तानीका लागि खुद नपुग हुने रकमको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लिइ थप निकासा माग गर्ने ।

५ अनुदान शिर्षकमा एकमुष्ट विनियोजित बजेटबाट तलब शिर्षकमा बाँडफाँड गरी तलब खाने निकायहरुको हकमा तलब भत्तामा पर्याप्त रकम छुट्याएर मात्र अन्य शिर्षकहरुमा बाँडफाँड गरी निकासा दिने व्यवस्था मिलाउनु हुनेछ । त्यस्ता निकायहरुका लागि तलबमा नपुग हुने रकम हिसाब गरी सम्बन्धित मन्त्रालयहरुबाट अर्थ मन्त्रालयमा निकासा माग गर्न लगाउने व्यवस्था गर्नु हुनेछ ।

६ प्रकरण ४ र ५ बमोजिम प्राप्त विवरणका आधारमा थप निकासा सम्बन्धी कार्यवाहीको जानकारी पछि उपलब्ध गराउने व्यहोरा समेत अनुरोध छ ।

गुणराज सुवेदी
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ :-

श्री अर्थ मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं । :- नयाँ स्वीकृत तलबमान यसैसाथ संलग्न छ ।

. टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११८०४, स. स. म. ४२११९९३ राजस्व म. ४२११८६७, वैदेशिक म ४२११८३७
आ.का.बी.म. ४२११८२६, अनुगमन म. ४२११७३०, राजस्व प.स. ४२११३०६, कानून म ४२११८१३
फ्याक्स नं. : ४२११६६४, ४२११३८८ (बजेट), ४२११६६५ (वैदेशिक)

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन शाखा)

फोन: ४३८५३६
४३८५४५
४३८५४६

अनामनगर
काठमाडौं,नेपाल

३६८२
११।१२

मिति: २०६७।११।०८

प.सं.:-२०६७/६८
च.नं.:-५११

विषयः- राष्ट्रसेवक निजामती कर्मचारी तथा शिक्षकहरुलाई पोशाक भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
७५ ।

उपरोक्त सम्बन्धमा आर्थिक वर्ष २०६७/६८ देखि राष्ट्रसेवक निजामती कर्मचारी तथा शिक्षकहरुलाई पोशाक भत्ता उपलब्ध गराउने गरी नेपाल सरकार (म.प.) बाट मिति २०६७/१०/१८ मा देहाय वमोजिम निर्णय भएको छ । म.प. को निर्णयमा उल्लेख भए वमोजिम पोशाक भत्ता खर्चका लागि हाललाई खर्च शिर्षक नं. १.०१ बाट तलब भुक्तानी दिने राष्ट्सेवक निजामती कर्मचारीहरुको हकमा मात्र तहां कार्यालय मार्फत सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय बाट सम्बन्धित कार्यालयमा रकम निकासा हुने व्यवस्थाका लागि अनुरोध छ ।

## तपशिल

१. आ.व. ०६७/६८ देखि सबै स्थायी निजामती कर्मचारी, सामुदायिक तथा सरकारी विद्यालयका स्थायी शिक्षकहरुलाई पोशाक सुविधा वापत वार्षिक एकमुष्ठ रु. ७,५००।- उपलब्ध गराउने । यो रकम प्रत्येक वर्ष चैत्र महिनाको तलब भुक्तानी गर्दा संगै दिने ।
२. यो व्यवस्था लागु भएपछि श्रेणी विहिन सवारी चालक, कार्यालय सहयोगी र हिमाली भेगमा काम गर्ने कर्मचारीलाई यसअघि दिइदै आएको लुगा भत्ता खारेज गर्ने । चालु वर्षको अहिलेसम्म त्यस्तो सुविधा लिई सकेका कर्मचारीको हकमा हाल कायम भएको र पहिला पाएको रकमको फरक मात्र भुक्तानी दिने ।
३. कार्य विशिष्टता तथा कामको प्रकृतिको आधारमा नेपाल सरकार (म.प.) को निर्णयअनुसार प्रदान गरिदै आएको राष्ट्रपतिको कार्यालय, उप राष्ट्रपतिको कार्यालय, व्यवस्थापिक संसद, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, अध्यागमन, राजस्व अनुसन्धान, स्वास्थ्य संस्था तथा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भएका कार्यालयहरुमा कार्यरत निजामती कर्मचारीहरुलाई साविक वमोजिमको पोशाक सुविधा यथावत कायम राख्ने । अहिलेको थप सुविधा उपलब्ध नगराउने । तर साविकको सुविधा वार्षिक रु. ७,५००।- भन्दा घटि हुन्छ भने फरक रकम मात्र दिन सकिने ।
४. अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, वैठक, निमन्त्रणा, प्रतिनिधिमण्डल, तालीम, अध्ययन, उत्सव, मेला आदिमा भाग लिन नेपाल सरकारवाट खटिई जाने कर्मचारीलाई दिइदै आएको लुगा भत्ता सम्बन्धी भ्रमण खर्च नियमावली, २०६४ को नियम १७ को प्राबधान खारेज गर्ने ।
५. सेवाग्राहीले कार्यालयमा कर्मचारीहरुको स्पष्ट पहिचान गर्न सक्ने गरी पोशाकको किसिम र रङ सामान्य प्रशासन मन्त्रालयले तोके वमोजिम हुने ।
६. सामान्य प्रशासन मन्त्रालयले तोके वमोजिमको पोशाक अनिवार्य लगाउनु पर्ने ।

भनी अर्थमन्त्रालय वजेट तथा कार्यक्रम महाशाखाको प.सं. त.भ.७ (०६७/६८) च.नं. ३३६ मिति ०६७।११।३ को पत्रबाट लेखी आएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

२०६७।११।८
उप सचिव (लेखा)

वोधार्थ :–
श्री सबै मन्त्रालय/सचिवालय/आयोग ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

(बजेट तथा कार्यक्रम महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-तलब भत्ता
च. नं. :- ३

२०७०।४।४

विषय : तलवमान तथा विशेष भत्ता सम्बन्धमा ।

*श्री सबै निकाय/आयोग/सचिवालय ।*

उपर्युक्त सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।३।३१ को निर्णयानुसार संवैधानिक निकायका पदाधिकारी, राष्ट्रसेवक कर्मचारी तथा शिक्षकको तलबमानमा २०७०।४।१ देखि लागू हुनेगरी वृद्धि गरिएको हुँदा सो सम्बन्धी अनुसूची यसैसाथ संलग्न छ । सोही मितिको मन्त्रिपरिषद्को निर्णयानुसार मासिक रु.१,०००।- विशेष भत्ता समेत उपलव्ध गराउने निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

(जगदीश बसेल)
शाखा अधिकृत

**बोधार्थ :**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार ।
श्री सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरबार ।

M/C

नेपाल सरकार

# अर्थ मन्त्रालय

(बजेट तथा कार्यक्रम महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०७५/७६
च. नं.:- २३

मितिः २०७५/४/२१

विषयः महंगी भत्ता, पोशाक र सावधिक जीवन बीमाको बीमाङ्क वृद्धि सम्वन्धमा।

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
।

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५/४/१८ को निर्णयानुसार महंगी भत्ता, पोशाक सुविधा र सावधिक जीवन बीमाको बीमाङ्क देहायवमोजिम वृद्धि भएको हुँदा सो व्यवस्था कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

क) महंगी भत्ता प्राप्त गरिरहेका पदाधिकारी/कर्मचारी लगायतका राष्ट्रसेवकहरुको लागि २०७५ साउन १ गतेदेखि लागू हुने गरी मासिक रू.१ हजार थप गरी रू.२ हजार उपलब्ध गराउने।

ख) पोशाक सुविधा प्राप्त गरिरहेका पदाधिकारी/कर्मचारीहरु लगायत राष्ट्रसेवकका लागि आर्थिक वर्ष २०७५/७६ देखि रू.७ हजार ५ सयमा वृद्धि गरी रू.१० हजार उपलब्ध गराउने।

ग) निजामती कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, शिक्षक लगायतका राष्ट्रसेवक कर्मचारीलाई हाल उपलब्ध गराइदै आएको रू.१ लाखको बीमाङ्क रकम वृद्धि गरी रू.२ लाख बीमाङ्क कायम गर्न २०७५ साउन १ गते देखि लागू हुने गरी नेपाल सरकारबाट रू.४ सय र सम्वन्धित कर्मचारीले मासिक रू.४ सय योगदान गरी साविक वमोजिमनै नागरिक लगानी कोषमा रकम जम्मा गर्ने ।

(चन्द्र दाहाल)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.न. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.ह.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

श्री अर्थ मन्त्रालयको प.सं. २०८२।०८३ मार्फत च.नं. १ मिति २०८२।०४।०१ पत्र (बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन)

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः-
च. नं.:-

संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६८. आर्थिक बर्ष २०८२/८३ को बजेट वक्तव्यको बुँदा नं.३४९ बमोजिम सबै राष्ट्रसेवकहरुका लागि सम्वत् २०८२ साउन १ गते देखि लागू हुने गरी महङ्गी भत्ता वापत मासिक पाँच हजार रुपैया भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६९. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। यस अघि अर्थ मन्त्रालयबाट बहुवर्षीय खरिदको तथा स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८२ असोज मसान्तभित्र अनिवार्य रुपमा प्रविष्ट गर्नु हुनेछ।

७०. अर्थ मन्त्रालयबाट स्रोत सहमति प्राप्त भएका आयोजना/कार्यक्रम बाहेकमा रकमान्तर तथा थप बजेट माग गर्नु हुने छैन।

७१. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रूपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ। पारिश्रमिक, भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७२. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

७३. नियमित संरचनाबाट सम्पन्न गर्न नसकिने भनी निर्णय गरेको अवस्थामा बाहेक परामर्श सेवा लिनु हुने छैन। ठूला र जटिल प्रकृतिका आयोजनामा बाहेक सुपरिवेक्षण परामर्शदाताको सेवा लिनु हुने छैन। ऐन, नियम, नीति, कार्यविधि, मापदण्डलगायतका दस्तावेजहरुको मस्यौदा तयार गर्न परामर्श सेवा लिनु हुने छैन।

७४. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा, एउटा कार्यालयबाट अर्को कार्यालयमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा नै रोक्का राखी रोक्का नम्बरसहित अर्थ मन्त्रालयले तोकेको ढाँचामा रकमान्तर माग गर्नु/गराउनु हुनेछ।

सचिव



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१८
फ्याक्स नं. ४२११६४ ४२११३४८ (बजेट म.) ४२११६५ (अ.आ.स.स.म.)